**सम्मरीमाई गाउँपालिका**
Sammarimai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
फरेना,रुपन्देही
Farena,Rupandehi

५ नं.प्रदेश, नेपाल
Province no. 5,Nepal

पत्र संख्या /Ref.No. :- ०७७/०७८
च. नं./Dispatch No. :- ५१४

मिति /Date :२०७७।०८।२९

## सूपरिवेक्षक तथा गणक आवश्यकता सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७।०८।२९)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि देहाय बमोजिमको पद आवश्यक भई करार सेवामा पदपुर्ति गर्नुपर्ने भएको हुंदा तोकिएको न्युनतम योग्युता पुगेका इच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन आह्वान गरिएको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद | सेवा | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३-०७७/०७८ | सुपरिवेक्षक | करार | पांचौ सरह | १(एक) | |
| २. | ४-०७७/०७८ | गणक | करार | चौथो सरह | ५(पांच) | |

१. **परीक्षाको किसिम** : छोटो सूची प्रकाशन, अन्तर्वार्ता र कम्प्युटर प्रयोगात्मक परीक्षा ।
२. **आवेदकको उमेर हद** : आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,
३. **दरखास्त पाउने स्थान:** सम्मरीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फरेना, रुपन्देही वा गाउँपालिकाको वेभ साइट www.sammarimaimun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।
४. **दरखास्त बुझाउने स्थान** :सम्मरीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मा स्वयं उपस्थित भई दरखास्त बुझाउनु पर्नेछ ।
५.**आवेदन दिने अन्तिम मिति** : मिति २०७७।०९। १३
६. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासफोर्ट साइजको फोटो, अनुभव खुल्ने कागजात ।
७. **पारिश्रमिक तथा सेवा सुविधा** : सूपरिवेक्षकका लागि स्थानीय तहको पांचौ तह सरह र गणकको लागि स्थानीय तहको चौथो तह सरह हुनेछ ।
८. **प्राथमिकता** : अनुभवी र सम्मरीमाई गाउँपालिकामा स्थायी बसोबास गर्ने उम्मेदवारलाई प्राथमिकता दिईने छ ।
९. **शैक्षिक योग्यता** :
**क. सुपरिवेक्षकको लागि** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र, जनसंख्या वा अर्थशास्त्र विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्प्युटर सम्वन्धी ३ महिने आधारभूत तालिम लिएको ।
**ख. गणकको लागि** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र, जनसंख्या वा अर्थशास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्प्युटर सम्वन्धी ३ महिने आधारभूत तालिम लिएका ।
१०. **करार अवधि** : नियुक्ति भएको मिति देखि २०७८ सालको बैशाख मसान्त सम्म ।
११. **परीक्षा दस्तुर** : सुपरिवेक्षकको लागि रु.५०० र गणकको लागि रु. ४०० ।

विष्णु प्रसाद दुलाना
प्रमुख प्रशासकीय अधिकृत